# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ३२ गते २०३९ साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

परराष्ट्र मन्त्रालयका सचिव श्री जगदीश शमशेर राणा पाकिस्तानको राजधानी इस्लामावादमा दक्षिण एशियाका परराष्ट्र सचिवहरूको तेस्रो बैठकमा भाग लिन मिति २०३९।४।१९ मा त्यसतर्फ जानु भएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष सचिव श्री विश्व प्रधानलाई सोही मितिदेखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव

283



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।